# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शैक्षिक प्रशासन महाशाखा
भरतपुर, चितवन, नेपाल

प.सं. २०७५।०७६
च.नं. २४९

Email:bmceducationsection@gmail.com


भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

मिति : २०७५।०८।२६

विषय : कक्षा ८ को परीक्षा संचालन र व्यवस्थापन सम्बन्धमा ।

श्री कक्षा ८ संचालित सबै विद्यालयहरु,
भरतपुर महानगरपालिका,चितवन

उपरोक्त विषयमा आधारभुत तह उत्तीर्ण परीक्षा समिति, भरतपुर महानगरपालिकाको मिति २०७५।०८।२५ को निर्णयानुसार आधारभुत तह (कक्षा ८) उत्तीर्ण परीक्षा,२०७५ को संचालन र व्यवस्थापन देहाय बमोजिम हुने भएकोले सोहि बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल

(क) निम्नानुसारको परीक्षा कार्य तालिका र परीक्षा शुरु हने समय दिउसो १:०० बजे निर्धारण गरिएको ।

| General Education | | | Sanskrit Education | Gurukul Education |
|---|---|---|---|---|
| S. N. | Exam Date | Subjects | Subjects | Subjects |
| 1 | 2075/12/12 | English | English | English or Sanskrit Bhasa |
| 2 | 2075/12/13 | Nepali | Nepali | Nepali |
| 3 | 2075/12/14 | Mathematics | Mathematics | Mathematics |
| 4 | 2075/12/15 | Social Study & Population Education | Social Study & Population Education | Social Study & Population Education |
| 5 | 2075/12/17 | Science & Environment | Science & Environment | Ved or Niti Shastra |
| 6 | 2075/12/18 | Health & physical Education<br>Moral Education | Sanskrit vyakaran | Sanskrit vyakaran |
| 7 | 2075/12/19 | Occupation, Business & Technonology | Occupation, Business & Technonology | Karmakanda |
| 8 | 2075/12/20 | Mother Tongue or Local Sub. or Sanskrit or Other Sub......... | Sanskrit Bhasa | Sanskrit Rachana |

(ख) संस्थागत विद्यालयहरुले प्रति विद्यार्थी रु.३०० का दरले हुन आउने एकमुष्ठ रकम रा.बा.बैक भरतपुर चौबिसकोटी शाखामा रहेको नगर शिक्षा कोष, भरतपुर महानगरपालिकाको बैंक खाता नं १३१०३०५०२९२०२ मा जम्मा गरी सो को भौंचर एक प्रति संलग्न राखी परीक्षा आवेदन फाराम,अंग्रजी वर्णानुक्रम अनुसार परीक्षार्थीको समष्ठिगत फाराम तयार गरी सो को e-copy समेत र समष्ठिगत फारामको कम अनुसार २०७५ पौष २५ गते भित्र शैक्षिक प्रशासन महाशाखामा पेश गर्ने ।

(ग) आधारभुत तहको पाठ्यक्रम २०६९ मा आधारित भइ विशिष्टीकरण तालिकामा उल्लेख भए अनुसारका कार्यकलाप सहित प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरुको प्रयोगात्मक परीक्षा विद्यालयमा नै संचालन र व्यवस्थापन गरी उक्त परीक्षाको प्राप्तांक समष्ठिगत फारामको क्रम अनुसार उल्लेख गरी सो को e-copy समेत २०७५ फाल्गुण ८ गतेभित्र पेश गर्ने ।

(घ) परीक्षा आवेदन फाराम, समष्ठिगत फाराम र प्रयोगात्मक परीक्षाको प्राप्तांक पेश गर्ने फारामको ढाँचा र सो को excel sheet को ढाँचा शैक्षिक प्रशासन महाशाखाबाट २०७५।०९।०१ गते देखि २०७५।०९।१० गते भित्र बुझिलिने ।

पुनश्च : बिशेष कारणबश माथी उल्लेखित परीक्षाको कार्यतालिका र समयतालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णय बमोजिम हुनेछ ।

०७५।९।३